बकैया गाउँकार्यपालिकाको मिति २०७७।०३।२४ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

**१. वार्षिक नीति, कार्यक्रम तथा बजेटको अन्तिम खाका स्वीकृती सम्बन्धमा :-**

आगामी आर्थिक वर्ष २०७७।७८ को लागि मिति २०७७ असार १० गते गाँउसभामा पेश भएको वार्षिक नीति, कार्यक्रम तथा बजेटको विषयमा विभिन्न समितीहरु आर्थिक विकास समिती, सामाजिक विकास समिति, पूर्वाधार विकास समितीहरुमा विधिवत छलफल पछि परिमार्जन गरी तयार भएको संलग्न वार्षिक नीति, कार्यक्रम तथा बजेटको अन्तिम खाका आगामी गाँउसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

**२. बकैया गाँउपालिकाको आर्थिक ऐन, २०७७ सम्बन्धमा:-**

बकैयागाउँपालिकाको पाँचौ गाउँसभाको मिति २०७७।०३।१० को पहिलो बैठकमा पेश भएको बकैया गाउँपालिकाको आर्थिक ऐन, २०७७ लाई गाउँसभाले थप अध्ययन सहित पुन गाउँसभामा पेश गर्न अनुरोध गरेकोमा बकैया गाउँकार्यपालिकाको आजको बैठकले उक्त विधेयकलाई वृहत अध्ययन सहित पारित गरियो र गाउँसभाको बजेट अधिवेशनको अर्को बैठकमा पेश गर्ने निर्णय गरियो।

**३. बकैया गाउँपालिकाको विनियोजन ऐन, २०७७ सम्बन्धमा :-**

बकैयागाउँपालिकाको तेश्रो गाउँसभाको मिति २०७७।०३।१० को पहिलो बैठकमा पेश भएको बकैया गाउँपालिकाको विनियोजन ऐन, २०७७ लाई गाउँसभाले शंशोधन सहित पुन गाउँसभामा पेश गर्न अनुरोध गरेकोमा बकैया गाउँकार्यपालिकाको आजको बैठकले उक्त विधेयकलाई वृहत अध्ययन सहित पारित गरियो र गाउँसभाको बजेट अधिवेशनको अर्को बैठकमा पेश गर्ने निर्णय गरियो।

**४. बालमैत्री शासन सम्बन्धि बकैया गाँउपालिकाको विभन्न नीति तथा कार्यविधिहरु सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका बालमैत्री स्थानीय शासन सञ्चालन अभियानमा लागिरहेको तथा उक्त अभियानलाई सहयोग पुर्याउनका लागि मिति २०७७।०३।०९ गतेको कार्यपालिका बैठकको निर्णयबाट बकैया गाउँपालिकाको बालबालिका सम्बन्धी नीति, २०७७, बालमैत्री स्थानीय शासन तथा बालअधिकार संरक्षण कार्यविधि, २०७७ तथा बालकोष संचालन कार्यविधि, २०७७ गाउँसभामा प्रस्तुत गर्ने निर्णय भएको र मिति २०७७।०३।१० गतेको छैटौं गाउँसभाको प्रथम बैठकले सो नीति तथा कार्यविधिहरु विभिन्न समितिहरुमा छलफलको निर्णय भएकोमा उक्त नीति तथा कार्यविधिहरु गाउँसभाको दोस्रो बैठकबाट पारित गर्नका प्रस्तुत गर्ने निर्णय गरियो ।

**५. भ्रमण आदेशहरु स्वीकृती सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाका अध्यक्ष श्री दामोदर खनालले हालसम्म विभिन्न मितिमा योजना अनुगमन लगायतका कार्यका लागि लिनुभएका भ्रमण आदेशहरु अनुमोदन गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner